# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## न्यूरोड, कास्की

प्रमुख प्रशासकीय अधिकृत

सार्वजनिक निजी साझेदारी संचालन गर्नका लागि प्रस्ताव आह्वानको सूचना
(पुनः दोस्रो पटक सूचना प्रकाशन मिति : २०७७/०९/२३)

यस महानगरपालिकाको सार्वजनिक निजी साझेदारी (सा.नि.सा.) समितिको मिति २०७७/०७/०७ मा सार्वजनिक सूचना आह्वान गरेकोमा तल उल्लेखित आयोजना प्राविधिक मुल्याङ्कनमा असफल भएकोले पुनः मिति २०७७/०९/२० गतेको सार्वजनिक निजी साझेदारी समितिको बैठकको निर्णयनुसारसार्वजनिक निजी साझेदारीको अवधारणा बमोजिम पुनः सूचना प्रकाशन गर्ने निर्णय भएकोले योग्यता पुगेका प्रस्तावदाता तथा सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्ताव पेश गर्ने सम्बन्धी सामान्य प्रकृया तथा शर्तहरु यस प्रकार रहेका छन् ।

१) इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरुबाट पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७५ को दफा २० बमोजिम तोकिएको शर्तहरुको अधिनमा रही प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै पेश गर्नको लागि सूचना प्रकाशन गरिएको छ ।

२) पोखरा महानगरपालिकाले उल्लेखित आयोजनाको कार्यान्वयन सार्वजनिक निजी साझेदारीको अवधारणा बमोजिम गर्नेछ । पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, नियमावली तथा नीति २०७५ अनुसार परियोजनाको डिजाइन, निर्माण तथा सञ्चालन स्वीकृती प्रदान गरिनेछ ।

३) प्रस्ताव पत्र आह्वान सम्बन्धी कागजात पोखरा महानगरपालिकाको कार्यालय, सार्वजनिक निजी साझेदारी ईकाइबाट मिति २०७७।१०।१३ गते कार्यालय समय भित्र रु ५,०००।- (फिर्ता नहुने) बुझाई खरिद गर्न सकिनेछ ।

४) प्रस्ताव पत्र पेश गर्ने अन्तिम मिति २०७७।१०।१४ गते दिनको १२:०० बजेसम्म रहनेछ । समय भित्र प्राप्त प्रस्तावपत्रहरुको प्राविधिक प्रस्ताव सोही दिन २:०० बजे खोलिनेछ । प्रस्ताव पत्र खोल्ने क्रममा प्रस्तावदाताको प्रतिनिधि उपस्थित हुन सक्नेछन् तर निजहरुको अनुपस्थितीले मात्र प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

५) प्रस्ताव पत्र मुल्याङ्कनका आधारहरु तथा साझेदारीका शर्तहरु प्रस्ताव पत्र आह्वान सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ । प्रस्ताव पत्र आह्वान सम्बन्धी कागजातहरु यस कार्यालयको वेबसाईट www.Pokharamum.gov.np बाट डाउनलोड गरी हेर्न वा यस महानगरपालिकाको सार्वजनिक निजी साझेदारी इकाईमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ । प्रस्तावदाताको योग्यता तथा प्रस्ताव पत्र मूल्याङ्कनका आधारहरु प्रस्ताव पत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

६) यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७५ तथा नियमावली, २०७५ मा उल्लेखित प्रावधानको आधारमा तयार भएको प्रस्ताव पत्र आह्वान सम्बन्धी कागजातमा उल्लेख भए अनुसार तथा सार्वजनिक निजी साझेदारी सम्बन्धी नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

७) समयसीमा नाघी प्राप्त भएका तथा कुनै शर्तहरु राखि पेश भएका प्रस्ताव पत्रहरु मान्य हुने छैनन् । महानगरपालिकाले पूर्व जानकारी वेगर कुनै पनि प्रस्तावको प्रकृया रद्ध गर्न सक्नेछ । कुनै प्रस्ताव पत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८) प्रस्तावको म्याद १२० दिन हुनेछ । प्रस्ताव जमानत सम्बन्धी अन्य प्रकृया प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

तपशिल :

| क्र.स. | मनसाय पत्र नं. | आयोजना नाम | संझौताको लागि प्रस्तावित अवधि | प्रस्ताव वापतको जमानत र म्याद |
|---|---|---|---|---|
| १ | ०६/सानिसा/०७७-७८ | फेवातालको ४ वटा स्रोतनदीमा बनेका सिल्टेसन ट्राप ड्यामको मर्मत संभार तथा संकलन हुने सामाग्रीको संकलन तथा निकासी गर्ने । | २० वर्ष | ५० लाख (१५० दिन) |

सा.नि.सा.इकाई
पोखरा महानगरपालिका